टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली,
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.: ०९१-५६०३८०, ०९१-५६०११८
वेवसाइट : www.tikapurmun.gov.np
ईमेल : tikapurmun@gmail.com

टीकापुर नगरपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
च. नं. :

## आन्तरिक आय सम्बन्धी ठेक्का सूचना
## (दोस्रो पटक प्रकाशित मिति : २०८२।०८।०७ गते)

टीकापुर नगरपालिकाको देहाय बमोजिमको आन्तरिक आयको ठेक्का बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएको हुँदा उक्त ठेक्काको लागि मिति २०८२।०८।०७ गतेका दिन सबै योग्य बोलपत्रदाताहरुको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ। बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२।०९।०८ गते दिनको १२:०० बजेसम्म र बोलपत्र खोल्ने मिति २०८२।०९।०८ गते दिनको २:०० बजे कायम गरिएको छ। बोलपत्र पेश अनिवार्य रुपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ।

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्यूनतम ठेक्का रकम ३ वर्षको (मू.अ.कर बाहेक) रु. | धरौटी रकम | बोलपत्र फाराम दस्तुर रु. | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| TMO/NCB/IR/01/2082/083 | टीकापुर नगरपालिका क्षेत्रबाट निकासी हुने कबाडी सामानमा कबाडी कर संकलन गर्ने सम्बन्धी ठेक्का | ३८,०५,३११।- (अठतीस लाख पाँच हजार तीन सय एघार मात्र) | कबोल अंक (मू.अ.कर सहित) को ५ प्रतिशत | ३,०००।- | ठेक्का सम्झौता मिति देखि तीन वर्ष |

विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.: ०९१-५६०३८०, ०९१-५६०११८
वेवसाइट : www.tikapurmun.gov.np
ईमेल : tikapurmun@gmail.com

# बोलपत्र पुस्तिका

(आन्तरिक श्रोत उठाउने ठेक्का व्यवस्थापन सम्बन्धी)

आर्थिक वर्ष: २०८२/०८३

ठेक्काको नाम : टीकापुर नगरपालिका क्षेत्रबाट निकासी हुने कबाडी सामानमा कवाडी कर संकलन गर्ने सम्बन्धी ठेक्का

ठेक्का नं : TMO/NCB/IR/01/2082/083
दोस्रो पटक सूचना प्रकाशन मिति : २०८२।०८।०७ गते



CamScanner

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली,
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.: ०९१-५६०३८०, ०९१-५६०११८
वेवसाइट : www.tikapurmun.gov.np
ईमेल : tikapurmun@gmail.com


पत्र संख्या : २०८२/०८३
च. नं. :

## आन्तरिक आय सम्बन्धी ठेक्का सूचना
## (दोस्रो पटक प्रकाशित मिति : २०८२।०८।०७ गते)

टीकापुर नगरपालिकाको देहाय बमोजिमको आन्तरिक आयको ठेक्का बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएको हुँदा उक्त ठेक्काको लागि मिति २०८२।०८।०७ गतेका दिन सबै योग्य बोलपत्रदाताहरुको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२।०९।०८ गते दिनको १२:०० बजेसम्म र बोलपत्र खोल्ने मिति २०८२।०९।०८ गते दिनको २:०० बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रुपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ ।

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्यूनतम ठेक्का रकम ३ वर्षको (मू.अ.कर बाहेक) रु. | धरौटी रकम | बोलपत्र फाराम दस्तुर रु. | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| TMO/NCB/IR/01/2082/083 | टीकापुर नगरपालिका क्षेत्रबाट निकासी हुने कबाडी सामानमा कबाडी कर संकलन गर्ने सम्बन्धी ठेक्का | ३८,०५,३११।- (अठतीस लाख पाँच हजार तीन सय एघार मात्र) | कबोल अंक (मू.अ.कर सहित) को ५ प्रतिशत | ३,०००।- | ठेक्का सम्झौता मिति देखि तीन वर्ष |

विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली,
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.: ०९१-५६०३८०, ०९१-५६०११८
वेवसाइट : www.tikapurmun.gov.np
ईमेल : tikapurmun@gmail.com


पत्र संख्या : २०८२/०८३
च. नं. :

**टीकापुर नगरपालिका क्षेत्रबाट निकासी हुने कबाडी सामानमा कबाडी कर संकलन गर्ने ठेक्का सम्बन्धी विस्तृत सूचना**
**(दोस्रो पटक प्रकाशित मिति : २०८२।०८।०७ गते )**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (घ)(४), सोही ऐनको दफा ६१, टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा ६ र सो सँग सम्बन्धित अनुसूची ५ बमोजिम यस टीकापुर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति, फर्म वा संस्थाले कबाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत तीन वर्षको लागि कर संकलन प्रयोजनार्थ तपसिल बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इच्छुक फर्म वा संस्थाले दर्ता/ नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८१/८२ को कर चुक्ता प्रमाणपत्र वा सम्वन्धित आ.रा.कार्यालयमा कर विवरण पेश गरेको प्रमाण, कानूनी रुपमा योग्य रहेको स्वघोषणापत्र, अख्तियारिनामा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका सर्तहरुको अधिनमा रही विद्युतीय बोलपत्र (E-Bidding) प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्यूनतम ठेक्का रकम ३ वर्षको (मू.अ.कर बाहेक) रु. | धरौटी रकम | बोलपत्र फाराम दस्तुर रु. | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| TMO/NCB/IR/01/2082/083 | टीकापुर नगरपालिका क्षेत्रबाट निकासी हुने कबाडी सामानमा कबाडी कर संकलन गर्ने सम्बन्धी ठेक्का | ३८,०५,३११।- (अठतीस लाख पाँच हजार तीन सय एघार मात्र) | कबोल अंक (मू.अ.कर सहित) को ५ प्रतिशत | ३,०००।- | ठेक्का सम्झौता मिति देखि तीन वर्ष |

## १. ठेक्काका सर्तहरु :

क) यस ठेक्का प्रक्रियामा भाग लिन इच्छुक फर्म/ संस्थाले सम्बन्धित फर्म/ संस्थाको प्रोप्राइटर वा कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, फर्म/ संस्थाको नवीकरण भएको दर्ता

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व.२०८१/८२ को कर चुक्ता प्रमाणपत्र वा सम्बन्धित आ.रा.कार्यालयमा कर विवरण पेश गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको राजस्व शाखामा नगदै तिरेको वा नेपाल बैंक लि., टीकापुर शाखामा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं.१०७०३०००००१००१०००००१ मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले ३१औं दिनको दिउँसो १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र फाराम दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंकमा रहेको आन्तरिक राजस्व खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा हुन गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

ख) कबोल अंक (मू.अ.कर सहित) को ५प्रतिशत धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि., टीकापुर शाखामा रहेको धरौटी खाता नं.१०७०३००००००३०००००००००१ मा नगदै जम्मा गरी सोको सक्कल प्रति बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं.र नाम उल्लेख गरी कम्तिमा १२० (एकसय बिस) दिनको म्याद मान्य रहेको बोलपत्र जमानत (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

ग) खरिद गरेको बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्म/ संस्थाको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराईटर/ कार्य समितिका पदाधिकारीहरुको नाम, ठेगाना, फोन नं., मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्म/ संस्थाको छाप लगाई तोकिएको म्याद भित्र दर्ता गर्नु पर्नेछ ।

घ) बोलपत्र फारामको शिलबन्दी खाम बाहिर यस कार्यालयको नाम सम्वोधन गरी सम्बन्धित सूचना नं. र ठेक्काको नाम स्पष्ट रुपमा उल्लेख गरी बोलपत्रदाताको नाम र ठेगाना पनि उल्लेख गर्नु पर्नेछ ।

ङ) बोलपत्रदाताले पेश गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।

च) प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २०औं दिन (मिति २०८२।०८।२६गते) दिनको १:०० बजे टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समय र स्थानमा हुनेछ ।

छ) रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

ज) म्याद नाघी, रीत नपुगी वा सर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । यस सूचना बमोजिम दर्ता भएका कुनै पनि बोलपत्रहरु यस कार्यालयबाट कुनै कारण देखाइ वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

झ) बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई प्रथम किस्ता वापत जम्मा कबोल अंकको ५०(पचास) प्रतिशत रकम तथा सोको १३प्रतिशत मू.अ.कर समेतको हुन आउने रकम अनिवार्य बुझाउनु पर्नेछ । जम्मा कबोल अंक (मू.अ.कर सहितको) बाट पहिलो किस्ता वापत जम्मा गरेको रकम घटाई बाँकी हुने रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का अवधि भन्दा कम्तिमा तीन महिना बढी मान्य अवधि सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

ञ) ठेकेदार पक्षले कुनै कारणवश कर संकलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट वा मिनाहा दाबी गर्न पाउने छैन। ठेक्का कबोल गरी सम्झौता भए बमोजिम यस कार्यालयलाई बुझाउनु पर्ने ठेक्का रकममा महामारी वा विपद्को अवस्थामा बाहेक बन्द हड्ताल वा अन्य कुनै प्रकारको अवरोध उत्पन्न भएमा कुनै प्रकारको छुट वा मिनाहा दिन कार्यालय बाध्य हुने छैन।

ट) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ।

ठ) ठेक्का अवधि सम्झौता भएको मितिदेखि ३ (तीन) वर्ष सम्मको हुनेछ।

ड) ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ:

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको ५० प्रतिशत रकम तथा सो को मू.अ.कर समेत |
| दोस्रो | २०८३ साल भाद्र मसान्तभित्र | कबोल अंकको २५ प्रतिशत रकम तथा सो को मू.अ.कर समेत |
| तेस्रो | २०८४ साल भाद्र मसान्तभित्र | कबोल अंकको २५ प्रतिशत रकम तथा सो को मू.अ.कर समेत |

ढ) तोकिएको समयमा कार्यालयलाई ठेक्का रकम नबुझाएमा वार्षिक १० (दश) प्रतिशतका दरले हर्जाना सहित असूल उपर गरिनेछ।

ण) ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, सेवा शुल्क आदि ठेकेदार स्वयम्ले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

त) टीकापुर नगरपालिका क्षेत्रभन्दा बाहिर गई कर संकलन गर्न पाईने छैन। प्रचलित कानून बमोजिम निषेधित बाहेकका कबाडी माल वा वस्तुको मात्र कर संकलन तथा ओसारपसार गर्न पाईनेछ। नगरपालिका क्षेत्रभन्दा बाहिर गई कर असुली गरेको जानकारी प्राप्त भएमा वा प्रमाण फेला परेमा कार्यालयले जुनसुकै समयमा प्रचलित कानून बमोजिम जरिवाना गरी ठेक्का रद्द गर्न सक्नेछ।

थ) यस ठेक्का बमोजिम कर उठाइने कबाडी माल वा अन्य वस्तुको प्रकार र सो को दररेट यस टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ र यस बोलपत्र पुस्तिकाको बुँदा नं.१३ मा उल्लेख भए बमोजिम हुनेछ। ठेकेदार पक्षले उठाउन पाउने दररेटका सम्बन्धमा नेपाल सरकार वा टीकापुर नगरपालिकाबाट कुनै निर्णय भएमा वा प्रचलित ऐन कानूनमा कुनै संशोधन भएमा सोहि बमोजिम कायम हुनेछ।

द) यस ठेक्का बमोजिम कबाडी कर उठाउने कार्य कबाडी माल संकलन केन्द्रबाट मात्र गर्नु पर्नेछ। कर संकलनका लागि कुनैपनि सार्वजनिक सडक वा राजमार्गमा ढाट राख्न पाईने छैन।

ध) यस ठेक्का बमोजिम कबाडी कर उठाउने कार्यका लागि आवश्यक रसिदहरु ठेकेदार आफैले छपाई गरी यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ। प्रमाणित नगरेको अनाधिकृत रसिदबाट कर उठाउन पाईने छैन। प्रमाणित नगरेको अनाधिकृत रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारबाही हुनेछ। सम्झौतामा उल्लेख भएको दररेट भन्दा फरक पारी वा सम्झौतामा उल्लेख नभएका सामानहरुमा कर उठाउन पाईने छैन।

न) ठेक्का अवधि भर बोलपत्रदाताले ठेक्का तोड्न पाउने छैन। बिचैमा बोलपत्रदाताले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा वार्षिक १०% प्रतिशत ब्याज जोडी असुल उपर गरिनेछ। यसरी ठेक्का तोडिन गई बाँकी अवधिका लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि ठेक्का तोड्नु पूर्वको बोलपत्रदाताबाट असुल उपर गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प) ठेकेदारले नेपाल सरकार वा प्रदेश सरकार मातहतका कार्यालय तथा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा यस टीकापुर नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ । यस सम्बन्धमा कुनै किसिमको उजुरी लाग्ने छैन ।

फ) यसमा उल्लेख भएको विषय यसै बमोजिम र उल्लेख नभएको यस ठेक्का सम्बन्धी अन्य कुरा ठेक्का सम्झौता पत्र, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

ब) यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ ।

## २. बोलपत्रदाताको योग्यता :

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक आय सम्बन्धी ठेक्काको बोलपत्रदाता फर्म/ संस्थाको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको, मू.अ.करमा दर्ता भएको, कर चुक्ता गरेको,

(ख) टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने कुनै किसिमको चल अचल बक्यौता नभएको,

(ग) कालो सूचीमा नपरेको,

(घ) प्रचलित कानून बमोजिम बोलपत्र पेश गर्न अयोग्य नरहेको ।

## ३. बोलपत्र पेश गर्ने तरिका :

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय बमोजिम बोलपत्र पेश गर्नु पर्नेछ ।

(क) यस ठेक्का सम्बन्धी सूचनामा तोकिए बमोजिमको बोलपत्र दस्तुर बुझाई बोलपत्र खरिद गर्न सकिनेछ । बोलपत्र पुस्तिका राम्रो सँग अध्ययन गरी सम्बन्धित ठेक्काको विषयमा आवश्यक स्थलगत अध्ययन गर्ने कार्य बोलपत्रदाता स्वयंले गर्नु पर्नेछ ।

(ख) यस ठेक्का सम्बन्धी सूचनामा उल्लेख भए बमोजिमको धरौटी रकम नगद वा सो बराबरको बैंक जमानतको सक्कल प्रति र माग गरेका कागजातको प्रमाणित प्रतिलिपि बोलपत्र साथ संलग्न राखि बोलपत्र पुस्तिका भरी अधिकार प्राप्त व्यक्तिको दस्तखत सहि छाप गरी सम्बन्धित ठेक्काको नाम र ठेक्का नम्बर समेत उल्लेख गरी निर्धारित म्याद भित्र टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लाई सम्वोधन गरी बोलपत्र दाखिला गर्नु पर्नेछ ।

(ग) यसका साथै बोलपत्र खरिद तथा दर्ता सम्बन्धी कार्य विद्युतिय पोर्टल www.bolpatra.gov.np/egp का माध्यमबाट मात्र गर्न सकिनेछ ।

## ४. बोलपत्र खोल्ने प्रकृया :

नियमानुसार रीतपूर्वक पेश भएका बोलपत्रहरु खोल्ने प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) बोलपत्र खोल्ने मिति, समय र स्थान यस ठेक्का सम्बन्धी सूचनामा उल्लेख भए बमोजिम हुनेछ ।

(ख) दर्ता भएका बोलपत्रहरु सूचनामा उल्लेख भए बमोजिम विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## ५. बोलपत्रको मूल्याङ्कनः

बोलपत्र खोली सकेपछी रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुको मूल्याङ्कन देहाय बमोजिम हुनेछ ।

(क) बोलपत्र मूल्याङ्कन टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको बोलपत्र मूल्याङ्कन समितिबाट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ ले व्यवस्था गरे बमोजिम गरिनेछ ।

(ख) योग्यता तथा पूर्णता परीक्षणमा सफल भएका सारभुत रुपमा प्रभावग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा बढी रकम कवोल गर्ने बोलपत्रदाताको तुलनात्मक तालिका बनाई बोलपत्र साथ पेश भएका कागजातहरुको अध्ययन गरिनेछ ।

(ग) योग्यता तथा पूर्णता परीक्षणमा सफल भएका सारभुत रुपमा प्रभावग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा सवैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने प्रकृया अगाडि बढाइने छ ।

## ६. बोलपत्रको स्वीकृति :

बोलपत्रको स्वीकृति देहाय बमोजिम गरिनेछ ।

(क) पेश भएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहने छ ।

(ख) बोलपत्र मूल्याङ्कन समितिबाट योग्यता तथा पूर्णता परीक्षणमा सफल भएका सारभुत रुपमा प्रभावग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा सवैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।

(ग) ठेक्का स्वीकृत भएको सात दिन भित्र सूचनामा उल्लेखित नियमानुसारको धरौटी रकम नगद वा बैंक जमानत लिई सम्झौता गर्न सम्बन्धित बोलपत्रदातालाई टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सूचित गरिनेछ ।

## ७. बोलपत्रको जमानत वा धरौटी जफत :

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट ठेक्का स्वीकृत भएको सूचना प्राप्त भएपछि बोलपत्रदाताले बोलपत्र सूचनामा उल्लेख भए बमोजिमको आवश्यक बैंक जमानत वा धरौटी तथा नगद रकम जम्मा गरेको प्रमाण साथमा लिई तोकिएको म्याद भित्र ठेक्का सम्झौता गर्न टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा उपस्थित हुनु पर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न बोलपत्रदाता उपस्थित नभएमा निजको बोलपत्र जमानत जफत गरी त्यसपछिको दोस्रो बढी अंक कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने प्रकृया कार्यालयले अगाडि बढाउने छ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको बोल रकमको अन्तर बढी हुने भएमा सो अन्तर बराबरको रकम अघिल्लो क्रमको बोलपत्रदाताबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

## ८. सम्झौता र कार्यादेश :

यस ठेक्का सम्बन्धी सम्झौता र कार्यादेश देहाय बमोजिम हुनेछ ।

(क) ठेक्का सम्झौता भए पश्चात ठेक्का सञ्चालन गर्न आवश्यक विवरण उल्लेख गरी ठेक्का सञ्चालनका लागि ठेकेदारलाई कार्यालयले कार्यादेश दिनेछ ।

(ख) ठेकेदारले ठेक्का सम्झौतामा उल्लेखित सर्तहरुको अधिनमा रहि ठेक्का सञ्चालन गर्नु/ गराउनु पर्नेछ ।

(ग) कार्यालय र ठेकेदार बिच भएको सम्झौता बमोजिम ठेक्का सञ्चालन नभए/ नगरेमा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले ठेक्का सम्झौता अन्त्य गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## ९. ठेकेदारले पालना गर्नु पर्ने नियमहरु र आचरण :

(क) ठेकेदारले कार्यालय, व्यवसायी तथा सम्बन्धित सबै सरोकारवाला सँग शिष्ट तथा सम्मानित व्यवहार गर्नु पर्नेछ ।
(ख) ठेक्का संग सम्बन्धित पत्राचार तथा अन्य कारबाही शिष्ट, सम्मानित एवम् मर्यादित भाषामा गर्नु पर्नेछ ।
(ग) सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने तथा शान्ति सदभाव कायम गर्ने दायित्व बहन गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

## १०. आकस्मिक अवरोध व्यवस्थापन :

कुनै कारणवश विशेष अवस्था सिर्जना भई काबु बाहिरको परिस्थितिले आकस्मिक रुपमा ठेक्का सञ्चालनमा अवरोध भएमा ठेकेदारले त्यसको सूचना तुरन्त कार्यालयमा दिनु पर्नेछ । कार्यालय र ठेकेदार दुवैलाई मार्का नपर्ने गरी दुवै पक्षको प्रयासबाट त्यस्तो अवरोधको व्यवस्थापन गर्नु पर्नेछ ।

## ११. विवाद व्यवस्थापन :

कार्यालय र ठेकेदार बिच विवाद उत्पन्न भएमा टीकापुर नगर कार्यपालिकाको बैठकको निर्णयबाट विवादको व्यवस्थापन गरिनेछ ।

## १२. कार्य सम्पन्न :

कार्यालयको सहयोगमा ठेक्का सम्झौता बमोजिम ठेक्का सञ्चालन गरी कार्य सम्पन्न गर्ने दायित्व ठेकेदारको हुनेछ । ठेक्का सम्झौता बमोजिम ठेक्का सञ्चालन गरी कार्य सम्पन्न भएमा कार्यालयबाट नियमानुसार कार्य सम्पन्न प्रमाणपत्र ठेकेदारलाई प्रदान गरिनेछ ।

## १३. ठेकेदारले उठाउन पाउने कबाडी करको दर :

टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ मा तोकिए बमोजिम तपसिलमा उल्लेखित दरमा फरक नपर्ने गरी ठेकेदार पक्षले कर उठाउन पाउनेछ । ठेकेदार पक्षले उठाउन पाउने करको दररेटका सम्बन्धमा नेपाल सरकार वा टीकापुर नगरपालिकाबाट कुनै निर्णय भएमा वा प्रचलित ऐन कानुनमा कुनै संशोधन भएमा सोहि बमोजिम कायम हुनेछ ।

तपसिल :

टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२
अनुसूची -५
(दफा ६ सँग सम्बन्धित)

१. जीवजन्तुको हाड, सीङ, प्वाँख, छालामा लाग्ने करको दर :

| क्र.सं. | विवरण | इकाइ | आ.व.२०८२/८३ को लागि दर रु. |
|---|---|---|---|
| १ | हाड | प्रति के.जी. | १।- |
| २ | सीङ | प्रति के.जी. | २।- |
| ३ | खुर | प्रति के.जी. | २।- |

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

| | | | |
|---|---|---|---|
| ४ | छाला (ठुलो) | प्रति के.जी. | ३०।- |
| ५ | छाला (सानो) | प्रति के.जी. | १५।- |
| ६ | हाँस, कुखुरा जस्ता पन्छीका प्वाँख | प्रति के.जी. | ५।- |

**२.कबाडी मालसामानमा लाग्ने करको दर :**

| क्र.सं. | विवरण | इकाइ | आ.व.२०८२/८३ को लागि दर रु. |
|---|---|---|---|
| १ | झिण्डु (प्राकृतिक तथा कृतिम उनका टुक्रा) | प्रति के.जी. | २।- |
| २ | गारमेन्ट कपडाका टुक्रा | प्रति के.जी. | २।- |
| ३ | जलेको मोविल | प्रति लिटर | १।- |
| ४ | जुट र प्लाष्टिकका बोरा | प्रति के.जी. | ०।२० |
| ५ | कार्पेटका टुक्रा | प्रति के.जी. | २।- |
| ६ | टायर ट्युब | प्रति के.जी. | २।- |
| ७ | थोत्रो टिन | प्रति के.जी. | ०।५० |
| ८ | पुराना ड्रम | प्रति के.जी. | ०।५० |
| ९ | पुराना कागज | प्रति के.जी. | ०।५० |
| १० | अखबार (न्यूज प्रिन्ट) | प्रति के.जी. | ०।५० |
| ११ | अन्य कागजका कार्टुन समेत | प्रति के.जी. | १।- |
| १२ | फलाम | प्रति के.जी. | २।- |
| १३ | थोत्रा काम नलाग्ने मेसिनरी औजार | प्रति के.जी. | २।- |
| १४ | अन्य धातु (तामा पित्तल आदी) | प्रति के.जी. | ४।- |
| १५ | पोलिथिन पाईपका टुक्रा | प्रति के.जी. | १।- |
| १६ | काँचको धुलो टुक्रा | प्रति के.जी. | १।- |
| १७ | सिसाका बोतल (बियर आदी) | प्रति पिस | ०।५० |
| १८ | पुरानो ब्याट्री | प्रति के.जी. | १०।- |
| १९ | सिसाका बोतल (वियर बाहेक) | प्रति पिस | ०।५० |

**नोट :** माथि उल्लेखित दररेटमा तेह प्रतिशत मू.अ.कर बापतको रकम थप गरी ठेकेदारले कर संकलन गर्न सक्नेछ ।

## १४. बोलपत्र फाराम :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, मिति.......................

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

टीकापुर, कैलाली ।

## बिषय: बोलपत्र प्रस्ताव पेश सम्बन्धमा ।

तहाँ कार्यालयबाट मिति २०८२।०८।०७ मा प्रकाशित सूचना र बोलपत्र सम्बन्धी कागजातको सर्त अनुसार सम्झौता भएको मिति देखि ३ (तीन) वर्षसम्म चलन गर्ने गरी टीकापुर नगरपालिका क्षेत्रबाट निकासी हुने कबाडी सामानमा कवाडी कर संकलन गर्ने सम्बन्धी ठेक्काको लागि तपसिल बमोजिमको रकम कबोल गरेको छु ।

तपसिल :

| ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का रकम ३ वर्षको (मू.अ.कर बाहेक) रु. | कबोल अंक ३वर्षको (मू.अ.कर बाहेक) रु. | |
|---|---|---|---|---|
| | | | अंकमा रु. | अक्षरमा रु. |
| TMO/NCB/IR/01/2082/083 | टीकापुर नगरपालिका क्षेत्रबाट निकासी हुने कबाडी सामानमा कवाडी कर संकलन गर्ने सम्बन्धी ठेक्का | ३८,०५,३११।- (अठतीस लाख पाँच हजार तीन सय एघार मात्र) | | |

*ठेक्काका सर्तहरु अध्ययन गरी उल्लेखित सर्त पालना गर्ने मन्जुरीका साथ माथि उल्लेखित व्यहोरा बमोजिम रकम कबोल गरी बोलपत्र पेश गरेको छु । साथै आफु कुनैपनि ठेक्कापट्टा सम्बन्धी कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित ठेक्कापट्टा कारवाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको घोषणा गर्दछु भनी हस्ताक्षर गर्ने ..................*

बोलपत्रदाताको विवरण :

आधिकारिक व्यक्तिको नाम : आधिकारिक दस्तखतः-

फर्म वा संस्थाको नामः- रजिष्टर्ड नं.:-

प्रोप्राइटरको नाम :- ठेगानाः-

इमेल ठेगानाः- सम्पर्क नं.:-

मितिः- फर्म वा संस्थाको छापः-



CamScanner

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**<u>संलग्न गर्नुपर्ने कागजातहरु :</u>**

१. फर्म/ संस्थाको प्रोप्राइटर वा कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२. नवीकरण भएको देखिने गरी फर्मको हकमा नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायबाट प्राप्त व्यवसाय इजाजतको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

३. फर्म/ संस्थाको मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

४. फर्मको हकमा स्थानीय तहमा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

५. बोलपत्र फाराम खरिद गरेको रसिद, धरौटीको सक्कल भौचरको स्क्यान प्रति वा बैंक जमानत (बिड बण्ड) को प्रति,

६. आ.व.२०८१/८२ को कर चुक्ता प्रमाणपत्र वा सम्बन्धित आ.रा.कार्यालयमा कर विवरण पेश गरेको प्रमाणको प्रतिलिपि,

७. कानूनी रुपमा योग्य रहेको स्वघोषणापत्र र अख्तियारिनामा ।

नोट : अन्य कुनै थप कुरा वा विवरण भए पेश गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner